एम्बुलेन्स सेवा सञ्चालन कार्यविधी २०७९

पुर्वीचौकी गाउँपालिकाभित्र स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका बासिन्दाहरूलाई स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच पुर्याउनका लागि एम्बुलेन्स सेवा सञ्चालन गरि पारदर्शी सरल र भरपर्दो र व्यवस्थित गर्न तथा एम्बुलेन्स सेवामा जनताको पहुँच बढाई सेवाको गुणस्तरिय वृद्धि गर्न वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ को दफा १०२ को उपदफा (२) को अधिकार प्रयोग गरि पुर्वीचौकी गाउँपालिकाले यो कार्यविधी तर्जुमा गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः- (१)यस कार्यविधीको नाम "एम्बुलेन्स सेवा सञ्चालन कार्यविधी २०७९" रहेको छ।

(२)यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२.परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधीमा

(क) "एम्बुलेन्स"भन्नाले पुर्वीचौकी गाउँपालिकाले बिरामी ओसार्ने प्रयोजनका लागि स्वीकृति प्रदान गरेको वाहन सम्झनुपर्दछ।

(ख) "एम्बुलेन्स जनशक्ति" भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनुपर्दछ।

(ग) "चालक" भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनुपर्दछ।

(घ) "मन्त्रालय" भन्नाले स्वास्थ्य मन्त्रालयलाई सम्झनुपर्दछ।

(ङ) "शुल्क" भन्नाले समितिले तोकेको अनुमति नवीकरण तथा सेवा शुल्क सम्झनुपर्दछ।

(च) "सँस्था" भन्नाले एम्बुलेन्स सेवा सञ्चालन गर्ने सँस्था सम्झनुपर्दछ।

(छ) "समिति" भन्नाले दफा ५ वमोजिम गठित पुर्वीचौकी गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालन समिति सम्झनुपर्दछ।

(ज) "सेवा" भन्नाले एम्बुलेन्सले बिरामीलाई दिने सम्पुर्ण सेवा सम्झनुपर्दछ।

(झ) "गाउँपालिका" भन्नाले पुर्वीचौकी गाउँपालिकालाई सम्झनुपर्दछ।

२.एम्बुलेन्स सेवा व्यवस्थापन तथा सञ्चालन समितिः-(१)एम्बुलेन्स सेवाको सञ्चालन तथा व्यवस्थापन अनुगमन तथा रेखदेख गर्न देहायका पदाधिकारी रहेको एक गाउँपालिका एम्बुलेन्स व्यवस्थापन तथा अनुगमन समिति रहनेछ।

(क)गाउँपालिकाका अध्यक्ष - सँयोजक

(ख) प्रमुख प्रशासकिय अधिकृत - सदस्य

(ग)गाउँ कार्यपालिकाका सदस्य(महिला१/दलित१) - सदस्य

(घ) प्रतिनिधी नेपाल रेडक्रस सोसाईटी -सदस्य

(ङ) गाउँपालिकाको स्वास्थ्य सँयोजक -सदस्य सचिव

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।समितिको बैठक भत्ता गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

(३) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधी समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(४) समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) एम्बुलेन्स सेवा पारदर्शी सरल र भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे नगरेको अनुगम गर्ने।

(ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागु गराउने। यस कार्यविधी अनुसारको आचारसंहिता पालना नगर्ने चालकलाई चेतावनी दिने र आचारसंहिता पालना गर्न लगाउने।

(ग) एम्बुलेन्स सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सो को सुनुवाई तथा व्यवस्थापन गर्ने।

(घ) एम्बुलेन्सको निश्चित मापदण्डको आधारमा भाडा निर्धारण गर्ने।सामान्यतया एकपटक निर्धारण भएको भाडा दुई वर्ष नपुगी पुनरावलोकन गर्न नपाईने।

(ङ) सरोकारवाला तथा अन्य सँघ सँस्थाहरुबीच आवश्यकता अनुसार एम्बुलेन्स सेवाबारे समीक्षा बैठक गर्ने।

(च) गाउँपालिकाको विशिष्ठतालाई ध्यानमा राखि एम्बुलेन्स सेवा सञ्चालनको लागि आवश्यक थप मापदण्ड बनाउने।

(छ) चालकले अनुसुची बमोजिम सेवा शुल्क लिई बैक कोषमा दाखिला गरे नगरेको समय समयमा अनुगमन निरीक्षण गर्ने।

(ज) समितिको सदस्य-सचिवले सेवा प्रवाह स्थितिको अद्यावधिक विवरण सहितको प्रतिवेदन प्रत्येक वर्षको असार मसान्तसम्म कार्यपालिकामा पेश गर्नुपर्नेछ।

(५) सेवा शुल्क सम्बन्धी व्यवस्थाः- (१) एम्बुलेन्स सेवा प्रवाह गरे बापत सम्बन्धित सेवाग्राहीले अनुसुची-१मा उल्लेख भए अनुसारको रकम सेवा शुल्कको रुपमा बुझाउनुपर्नेछ।

(२) एम्बुलेन्स सेवा वापत उठेको रकम गाउँपालिकाले एक अलग बैक खाता कोष खडा गरी त्यसमा जम्मा गर्नेछ।

(३) सेवा शुल्क वापत लिईने रकमको असुलीका लागि गाउँपालिकाले नगदी रसिद छपाई उपलब्ध गराउनेछ। नगदी रसिदको अभिलेख नियन्त्रण गाउँपालिकामा राखिनेछ।

(४) सेवा दिएवापत लिईने सेवा शुल्क नगदी काटी बैक खातामा जम्मा गर्ने जिम्मेवारी सम्बन्नधित चालकको हुनेछ।

(५) कोषको रकम गाउँ कार्यपालिकाको स्वीकृत गरेको वार्षिक कार्ययोजना अनुसार मात्र खर्च गर्न पाईनेछ।

(६) एम्बुलेन्सले सेवा दिएको स्थान र मिति खुल्ने गरि सवारी लगबुक राख्नपर्नेछ। लगबुक भर्ने जिम्मेवारी एम्बुलेन्स चालकको रहनेछ भने सो को प्रमाणित गर्ने जिम्मेवारी प्रमुख प्रशासकिय अधिकृतको हुनेछ।

(७) पुर्वीचौकी गाउँपालिकाभित्रका सुत्केरी महिलाहरुलाई डोटी जिल्ला अस्पतालसम्म निःशुल्क एकतर्फी सेवा प्रदान गरिनेछ।

(७) चालकको नियुक्ति र सेवा सुविधाः- (१) एम्बुलेन्स सेवा सञ्चालनका लागि गाउँ कार्यपालिकाले नेपाल सरकारको एम्बुलेन्स सेवा सञ्चालन सम्बन्धी निर्देशिका २०७३ को बुदा न ११ बमोजिम योग्यता पुगेका एक जना चालक सेवा करारमा नियुक्ति गर्नेछ।

(२) चालकको सेवा सुविधा दफा ३ बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(३) चालकको रु २ लाखसम्मको दुर्घटना बिमा गरिनेछ। बिमाको प्रिमियम बापतको रकम यसै निर्देशिका बमोजिमको कोषबाट व्यहोरिनेछ।

(४) चालकले पालना गर्नुपर्ने आचारसंहिता अनुसुची २ बमोजिमको कोषबाट व्यहोरिनेछ।

(५) एम्बुलेन्स रहने स्थान र सो को मर्मत सम्भारः- (१) एम्बुलेन्स पुर्वीचौकी गाउँपालिका कार्यालयको हाताभित्र रहनेछ।

(२) प्रचलित कानुन बमोजिम प्रक्रिया पुरा गरि एम्बुलेन्सको नियमित मर्मत सम्भार गर्ने जिम्मेवारी चालकको हुनेछ।

८. विविधः-

(१) एम्बुलेन्समा रहने न्युनतम सेवा सुविधा तथा औषधीको विवरण अनुसुची-३ बमोजिम हुनेछ।

(२) एम्बुलेन्समा सवार बिरामी बिरामीका आफन्त तथा स्वास्थ्यकर्मीको बिमाको दायित्व सेवाग्राही स्वंयको हुनेछ।

(३) यस कार्यविधीमा आवश्यकता अनुसार संशोधन र हेरफेर समितिको सिफारिसमा गाउँ कार्यपालिकाले गर्नसक्नेछ।

अनुसुची- १

कार्यविधीको दफा -५ सँग सम्बन्धित सेवा शुल्क सम्बन्धी दररेट

क्र. स.	देखि	सम्म	दररेट रू
१	पुर्वीचौकी गाउँपालिका कार्यालय	ऐ. गाउँपालिका वडा नं ७ पोखरी	२२००।
२	पुर्वीचौकी गाउँपालिका कार्यालय	ऐ.गाउँपालिका वडा नं ५ काडामाण्डौ(मल्लो बाटो)	१७००।
३	पुर्वीचौकी गाउँपालिका कार्यालय	ऐ.गाउँपालिका वडा नं ५ काडामाण्डौ (तल्लो बाटो)	१४००।
४	पुर्वीचौकी गाउँपालिका कार्यालय	ऐ.गाउँपालिका वडा नं ५ काडामाण्डौ चौखुट्टे	१७००।
५	पुर्वीचौकी गाउँपालिका कार्यालय	ऐ.गाउँपालिका वडा नं २ बगलेक	
६	पुर्वीचौकी गाउँपालिका कार्यालय	बयलपाटा अस्पताल अछामसम्म	४०००।
७	पुर्वीचौकी गाउँपालिका कार्यालय	जिल्ला अस्पताल डोटीसम्म	२०००।
८	पुर्वीचौकी गाउँपालिका कार्यालय	डोटीको दिपायल पिपल्ला अस्पताल	३०००।
९	पुर्वीचौकी गाउँपालिका कार्यालय	डोटीको दिपायल राजपुर अस्पताल	३२००।
१०	पुर्वीचौकी गाउँपालिका कार्यालय	डडेल्धुरा अस्पतालसम्म	५८००।
११	पुर्वीचौकी गाउँपालिका कार्यालय	धनगढी कैलाली अस्पतालसम्म	१००००।
१२	पुर्वीचौकी गाउँपालिका कार्यालय	बाँकेको कोहलपुर अस्पतालसम्म	१५५००।
१३	पुर्वीचौकी गाउँपालिका कार्यालय	बाँकेको नेपालगञ्ज अस्पतालसम्म	१६०००।
१४	पुर्वीचौकी गाउँपालिका कार्यालय	ऐ.गाउँपालिका वडा नं १ खेरलैनसम्म	
१५	पुर्वीचौकी गाउँपालिका कार्यालय	ऐ.गाउँपालिका वडा नं ३ गैहागाउँसम्म	

- माथि उल्लेखित स्थानभन्दा बाहेकका स्थानमा जानुपर्दा बाटोको अवस्था(कच्ची र पक्की)हेरि किलोमिटरका दरले शुल्क निर्धारण गरिनेछ।
- उल्लेखित दरमा तेल र विभिन्न करको रकम समावेश गरिएको छैन।
- दुरीको हकमा गन्तव्यस्थान नै मान्य हुनेछ।
- एम्बुलेन्सको तोकिएको सेवा शुल्क र माग फाराम भरी बिरामी लैजानु अगावै कार्यालयमा बुझाउनुपर्नेछ।

अनुसुची २

(कार्यविधीको दफा-६ को उपदफा (३) सँग सम्बन्धित एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचारसंहिता)

१.एम्बुलेन्स सञ्चालन व्यवस्थापन कार्यविधी,२०७९ लाई पुर्णतः पालना गर्नुपर्ने।

२.आफ्नो पेशागत भुमिका निर्वाह गर्ने क्रममा ईमान्दारिता र विश्वसनीयता कायम गर्दै आफ्नो पेशाको मानमर्यादामा खलल पुग्ने कार्य गर्न नहुने।

३.मादक पदार्थ सेवन गरि एम्बुलेन्स चलाउनु हुदैन।

४. बिरामीको ओसारपसार तथा उपचार गर्ने क्रममा बिरामी तथा बिरामीको परिवारलाई सधै सम्मानपुर्वक व्यवहार गरि उच्चस्तरिय सेवा प्रदान गर्नुपर्ने।

५. आफुले लिएको निर्णयहरुमा आफ्नै व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेहि हुनुपर्ने।

६. आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुको साथै आफुमा भएका पेशागत दक्षता आफ्नो क्षेत्रका अरुलाई पनि सिकाउनुपर्ने।

७. कुनै पनि बिरामीलाई ओसारपसार गर्नु अघि उसको बारेमा पर्याप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने।

८. बिरामीलाई बीच बाटोमा छाड्न नहुने।

९. आफ्नो कामको सिलसिलामा पाएका कुनै पनि सुचना गोप्य राख्नुपर्ने तथा बिरामीहरुबाट पाएको जानकारी तेस्रो पक्षलाई खोल्न नहुने तर कानुनी र पेशागत दायित्व निर्वाह गर्न वा बिरामीको सेवामा आवश्यक परेमा त्यस्तो सुचना बारेमा जानकारी दिनसक्ने।

१०.अस्पताल पुर्व सेवा एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मद्दत पुर्याउनुपर्ने।

११. आफुले उचित देखेको बिरामीको गुणस्तरिय सेवामा प्रभाव पार्ने राम्र पक्षहरुको जानकारी आफ्नो सुपरीवेक्षक तथा स्वास्थ्य सँस्थालाई दिनुपर्ने, नेपाल सरकारले प्रतिबन्ध लगाएका वस्तुहरु ओसारपसार नगर्ने, प्रचलित कानुनको पालना गर्नुपर्ने।

म .....नाम.....

ठेगानाः.....ना. प्र. नं.....

जिल्ला.....ड्राईभिङ्ग लाईसेन्स नं.....

अनुसुची २

(कार्यविधीको दफा-६ को उपदफा (३) सँग सम्बन्धित एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचारसंहिता)

१.एम्बुलेन्स सञ्चालन व्यवस्थापन कार्यविधी,२०७९ लाई पुर्णतः पालना गर्नुपर्ने।

२.आफ्नो पेशागत भुमिका निर्वाह गर्ने क्रममा ईमान्दारिता र विश्वसनीयता कायम गर्दै आफ्नो पेशाको मानमर्यादामा खलल पुग्ने कार्य गर्न नहुने।

३.मादक पदार्थ सेवन गरि एम्बुलेन्स चलाउनु हुदैन।

४. बिरामीको ओसारपसार तथा उपचार गर्ने क्रममा बिरामी तथा बिरामीको परिवारलाई सधै सम्मानपुर्वक व्यवहार गरि उच्चस्तरिय सेवा प्रदान गर्नुपर्ने।

५. आफुले लिएको निर्णयहरुमा आफ्नै व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेहि हुनुपर्ने।

६. आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुको साथै आफुमा भएका पेशागत दक्षता आफ्नो क्षेत्रका अरुलाई पनि सिकाउनुपर्ने।

७. कुनै पनि बिरामीलाई ओसारपसार गर्नु अघि उसको बारेमा पर्याप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने।

८. बिरामीलाई बीच बाटोमा छाड्न नहुने।

९. आफ्नो कामको सिलसिलामा पाएका कुनै पनि सुचना गोप्य राख्नुपर्ने तथा बिरामीहरुबाट पाएको जानकारी तेस्रो पक्षलाई खोल्न नहुने तर कानुनी र पेशागत दायित्व निर्वाह गर्न वा बिरामीको सेवामा आवश्यक परेमा त्यस्तो सुचना बारेमा जानकारी दिनसक्ने।

१०.अस्पताल पुर्व सेवा एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मद्दत पुर्याउनुपर्ने।

११. आफुले उचित देखेको बिरामीको गुणस्तरिय सेवामा प्रभाव पार्ने राम्र पक्षहरुको जानकारी आफ्नो सुपरीवेक्षक तथा स्वास्थ्य सँस्थालाई दिनुपर्ने, नेपाल सरकारले प्रतिवन्ध लगाएका वस्तुहरु ओसारपसार नगर्ने, प्रचलित कानुनको पालना गर्नुपर्ने।

म .....नाम.....

ठेगानाः.....ना. प्र. नं.....

जिल्ला.....ड्राईभिङ्ग लाईसेन्स नं.....

ले माथिको उल्लेखित आचारसंहिता अध्ययन गरेको छु। डोटी जिल्ला पुर्वीचौकी गाउँपालिकाको एम्बुलेन्स चलाउँदा मैले यो आचारसंहिता पुर्ण रुपमा पालना गर्न सहमति जनाई सहिछाप गरेको छु।

चालकको	रोहवरमा प्रमाणित गर्ने व्यक्तिको
नामः	दस्तखतः
दस्तखतः	नामः
मितिः	पदः
सँस्थाको छाप	

अनुसुची-३

कार्यविधीको दफा ८ को उपदफा(१) सँग सम्बन्धित "ख" वर्गको (Basic Life Support (BLS)एम्बुलेन्समा हुनुपर्ने औषधी र उपकरणको जनशक्तिको विवरण

- All Emergency Equipments
- Stethoscopeय
- B.P. Apparatus
- Torchlight
- Tongue Depressor
- IV drips
- ECG Monitor with oxygen monitor
- Intubation set
- Various intubation tubes and laryngeal tubes
- Ambu bag
- Nebulizer set
- Manual suction set
- Cervical collars
- CPR board

- Oxygen supply
- OB kit
- Splints
- Catheterizations sets

Other:

- Washing equipments
- Wheel chair and trolley
- Redio communication
- Tablet with 4G connectivity

Satffs:

- Ambulance driver with firs aid trainings
- EMT